# सुनिलस्मृति गाउँपालिका

## सुलिचौर, रोल्पा

# आर्थिक ऐन

सुनिलस्मृति गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई

कार्यान्वयन गर्न बनेको ऐन

२०७९

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा

सुनिलस्मृति गाँउपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

कार्यपालिकाबाट स्वीकृत मिति २०७९।०३।१०

प्रस्तावनाः सुनिलस्मृति गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम सुनिल स्मृति गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०७९" रहेको छ । (२) यो विधेयक २०७९ साल श्रावण १ गते देखि सुनिल स्मृति गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपलिका क्षेत्रभित्र अनुसूचि (१) मा उल्लेख भएको दरमा कार्यपालिकाले तोकेको मिति देखि लागु हुने गरी सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

३. **मालपोत भूमि तथा घरजग्गा कर :**

(१) गाउँपलिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) तथा घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ । दफा ३ मा जुनसुकै कुरा लेखिएको भएपनि दफा २ बमोजिमको कर भुक्तान गरेको करदातालाई दफा ३ बमोजिमको कर तिर्न बाध्य पारिने छैन ।

(२) दफा ३ बमोजिमको कर सम्बन्धित आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ ।

(३) उपदफा १ बमोजिम बुझाउनु पर्ने कर उपदफा २ बमोजिम नबुझाएमा त्यस्तो करमा १० प्रतिशतका दरले जरीवाना लाग्नेछ ।

४. **घर बहाल करः** गाउँपलिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) वमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. **जडिवुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, वनकर, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) वमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः**

(१) सवारी साधन कर प्रदेश कानुन वमोजिम हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि थ्री-ह्विलर सवारी साधन (विद्युतीय शक्तिबाट चल्ने टेम्पो,अटोरिक्सा जस्ता) को अनुसूची (६) वमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (७) वमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

९. **मनोरन्जन कर**: प्रदेश सरकारले तोकेको दर वमोजिम हुनेछ ।

१०. **वहाल विटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण,रेखरेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोहि अनुसूचीमा भएको व्यस्था अनुसार वहाल विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (९) वमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **सेवा शुल्क,दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यसव्थापन गरेका अनुसूची (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवामा सेवाग्राही वाट सोहि अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु वाट प्रदेश सरकारले तोकेको दररेटमा पर्यटन सेवा शुल्क लगाईने र असुल उपर गरिने छ ।

१४. **जरीवाना लाग्ने**:

(१) दफा २ र ३ बमोजिमको कर वार्षिक रुपमा सम्बन्धित आर्थिक वर्ष भित्र तिर्नुपर्नेछ । यस्तो कर सम्बन्धित आर्थिक वर्षको पहिलो चौमासिक भित्र बुझाएमा १० प्रतिशत छुट लिइनेछ ।

(२) दफा ४,५,६ ,७ र ८ बमोजिमको कर आर्थिक बर्ष समाप्त भएको ९० दिन भित्र बुझाईसक्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिमको कर ९० दिन भित्र नबुझाएमा यस्तो करमा प्रत्येक महिना २.५ प्रतिशतका दरले जरीवाना लिइने छ ।

१५. **दर घटाउन,बढाउन वा छुट दिन सकिने** :

(१) यस कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाइएका शुल्क र करको दर घटाउन,बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको,बढाइएको वा छुट दिइएको सूचना स्थानिय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) वमोजिम करको दर घटाइएको,बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्णरुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँसभामा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो बराबर जरिवाना गरिनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्वन्धी नियम कार्यविधि बनाउने अधिकार**: यो ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक पर्ने नियम वा कार्यविधी बनाउन सक्नेछ ।

**१७. प्रकिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानुन तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्बजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को  कारणले उल्लेखित कानुनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानुन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा कार्यपालिकाले आवश्यकता अनुसार अवधी थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

अनुसूचि (१)

आर्थिक विधेयक २०७९  सँग, सम्बन्धित (२) दफा,

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

गाउँपालिका क्षेत्रमा लाग्ने सम्पति करको दर

| विवरण | सम्पत्ति कर/दर | कैफियत |
|---|---|---|
| रु १ देखि ३ लाख सम्म | २५ | पच्चिस रुपैया मात्र |
| रु ३ लाख १ देखि ५ लाख सम्म | ५० | पचास रुपैया मात्र |
| रु ५ लाख १ देखि ७ लाख सम्म | ७५ | पचहत्तर रुपैया मात्र |
| रु ७ लाख १ देखि १० लाख सम्म | १०० | एक सय रुपैया मात्र |
| रु १० लाख १ देखि १२ लाख सम्म | १५० | एक सय पचास रुपैया मात्र |
| रु १२ लाख १ देखि १५ लाख सम्म | १७५ | एक सय पचहत्तर रुपैया मात्र |
| रु १५ लाख १ देखि १७ लाख सम्म | २०० | दुई सय रुपैया मात्र |
| रु १७ लाख १ देखि २० लाख सम्म | ३०० | तिन सय रुपैया मात्र |
| रु २० लाख १ देखि २५ लाख सम्म | ४०० | चार सय रुपैया मात्र |
| रु २५ लाख १ देखि ३० लाख सम्म | ५०० | पाँच सय रुपैया मात्र |
| रु ३० लाख १ देखि ३५ लाख सम्म | ६५० | छ सय पचास रुपैया मात्र |
| रु ३५ लाख १ देखि ४० लाख सम्म | ८०० | आठ सय रुपैया मात्र |
| रु ४० लाख १ देखि ४५ लाख सम्म | १००० | एक हजार रुपैया मात्र |
| रु ४५ लाख १ देखि ५० लाख सम्म | १२०० | एक हजार दुई सय रुपैया मात्र |
| रु ५० लाख १ देखि ६० लाख सम्म | १५०० | एक हजार पाँच सय रुपैया मात्र |
| रु ६० लाख १ देखि ७० लाख सम्म | १८०० | एक हजार आठ सय रुपैया मात्र |
| रु ७० लाख १ देखि ८० लाख सम्म | २१०० | दुइ हजार एक सय रुपैया मात्र |
| रु ८० लाख १ देखि ९० लाख सम्म | २५०० | दुइ हजार पाँच सय रुपैया मात्र |
| रु ९० लाख १ देखि १ करोड सम्म | ३००० | तिन हजार रुपैया मात्र |
| रु १ करोड १ देखि १ करोड २० लाख सम्म | ५००० | पाँच हजार रुपैया मात्र |
| रु १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | ८००० | आठ हजार रुपैया मात्र |
| रु १ करोड ६० लाख १ देखि २ करोड सम्म | १०००० | दस हजार रुपैया मात्र |
| रु २ करोड १ देखि २ करोड २० लाख सम्म | १२००० | बाह्र हजार रुपैया मात्र |
| रु २ करोड २० लाख १ देखि ३ करोड २० | १५००० | पन्ध्र हजार रुपैया मात्र |

| विवरण | सम्पत्ति कर/दर | कैफियत |
|---|---|---|
| लाख सम्म | | |
| रु ३ करोड २० लाख १ देखि ४ करोड सम्म | २०००० | विस हजार रुपैया मात्र |
| रु ४ करोड १ देखि ५ करोड सम्म | २५००० | पच्चिस हजार रुपैया मात्र |
| रु ५ करोड १ देखि माथि जति भएमा पनि १ रुपैया प्रति हजारका दरले एकिकृत सम्पत्ति कर लग्ने | | |

अनुसूचि (२)
आर्थिक विधेयक २०७९ दफा, ३ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम
मालपोत तथा भुमिकर-घर जग्गा कर

| क्र.सं | विवरण | इकाई | दर रु.मा |
|---|---|---|---|
| १ | गाउँ घरवारी | प्रति रोपनी | १० |
| २ | पाखावारी | प्रति रोपनी | ६ |
| ३ | खेत | प्रति रोपनी | १० |
| ४ | सुलिचौर बजार क्षेत्र जग्गा | प्रति वर्गमिटर | २ |
| ५ | पिच वाटो | प्रति वर्गमिटर | १ |
| ६ | सहरी क्षेत्रको घडेरी | | १०० |
| घर जग्गा कर | | | |
| १ | पक्की घर प्रति वर्ग फिट | प्रति वर्ग फिट | १ |
| २ | जस्ता/ढुंगे छानो | प्रति घर | ५० |
| ३ | फुसको छानो | प्रति घर | २५ |

सुलिचौर, रोल्पा

## अनुसूचि (३)
## आर्थिक विधेयक २०७९  दफा, ४ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम
## घर बहाल कर दर

गाउँपालिका क्षेत्र भित्र रहेका निजि घरहरु बहालमा लगाएबापत घर बहाल रकमको १० प्रतिशतका दरले घर बहाल कर लाग्नेछ ।

अनुसूचि (४)
आर्थिक विधेयक २०७९ दफा, ५ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम
व्यवसाय करका दरहरु

| क्र.सं | विवरण | दर रु.मा | कैफियत |
|---|---|---|---|
| १ | मदिरा खुद्रा | १००० | |
| २ | गरगहना पसल | १२०० | |
| ३ | हार्डवेयर पसल | २००० | |
| ४ | इलेक्ट्रिकल खुद्रा | ७५० | |
| ५ | पेट्रोलयम पदार्थ | २००० | |
| ६ | तरकारी पसल | २०० | |
| ७ | गर्मेन्ट, होजेरी | ५०० | |
| ८ | तामा उद्योग/कपास उद्योग | ७५० | |
| ९ | खुकुरी, वाकस | ३५० | |
| १० | **कपडा पसल** | | |
| | क वर्ग कपडा फेन्सी | १५०० | |
| | ख वर्ग कपडा फेन्सी | १००० | |
| ११ | मोटर साइकल मर्मत ग्यारेज | ७०० | |
| १२ | प्लाइउड, सिसा, कार्पेट, फ्रेरम, पेन्टर्स | ७०० | |
| १३ | डेकोरेट, स्टिल, काठ | ८०० | |
| १४ | **होटेल तथा रेष्टुरेन्ट** | | |
| | क. होटेल लज गेष्ट हाउस | १५०० | |
| | ख. होटेल तथा रेष्टुरेन्ट | १००० | |
| | ग. साना होटेल | ५०० | |
| | घ. ग्रामिण क्षेत्रका होटेल | ३०० | |
| १५ | मिठाई तथा नास्ता पसल, चाट चटपटे | ५०० | |
| १६ | छापाखाना | १००० | |
| १७ | कलर ल्याव स्क्रिन प्रिन्ट तथा फ्लेक्स प्रिन्ट | १००० | |
| १८ | इलेक्ट्रिसियन, फोटोकपी, कुरियर, फोन फ्याक्स | ५०० | |
| १९ | छपाई तथा प्रकाशन, प्रसारण गृह | १००० | |
| २० | वाणिज्य बैंक | ५००० | |

सुलिचौर, रोल्पा

| क्र.सं | विवरण | दर रु.मा | कैफियत |
|---|---|---|---|
| २१ | विकास बैंक | ४००० | |
| २२ | फाइनान्स, वित्तिय संस्था | ३००० | |
| २३ | सहकारी संस्था वचत तथा ऋण | १००० | |
| २४ | विमा कम्पनी | ३००० | |
| २५ | मनिट्रान्सफर | ३००० | |
| २६ | निजि अस्पताल | २००० | |
| २७ | जुत्ता, चप्पल मर्मत पसल | २०० | |
| | क. टेलर्स पसल चार मन्दा बढी मेशीन | ६०० | |
| | ख. टेलर्स पसल चार मन्दा कम मेशीन | ३०० | |
| २८ | व्युटि पार्लर हेयर कटिङ सैलुङ | ५०० | |
| २९ | साइन वोर्ड पेन्टीङ्ग | ५०० | |
| ३० | फोटो स्टुडियो | ८०० | |
| ३१ | ट्रान्सपोर्ट ढुवानी सेवा व्यवसाय कर | १००० | |
| ३२ | चार पङग्रे ग्यारेज | १००० | |
| ३३ | कुटानी पिसानि मिल (विजुली वाट चल्ने) | ४०० | |
| ३४ | पिसानि मिल मात्र | १०० | |
| ३५ | औषधी पसल खुद्रा | १००० | |
| ३६ | फ्रेस हाउस (कुखुरा, हाँस आदि जस्ता पंक्षीजन्य) | ५०० | |
| ३७ | मासु पसल (राँगा, खसी, बोका, बङगुर लगाएत) | १००० | |
| ३८ | एग्रोभेट | ५०० | |
| ३९ | भाँडा पसल | १००० | |
| ४० | मोटर पार्टस विक्री पसल | १००० | |
| ४१ | कवाडी | १००० | |
| ४२ | पुस्तक तथा स्टेश्नरी | १००० | |
| ४३ | चस्मा पसल | ५०० | |
| ४४ | मोबइल पसल | ८०० | |
| ४५ | गिफ्ट तथा फोटो प्रिन्ट पसल | ६०० | |
| ४६ | ग्याँस सिलिन्डर बिक्री | १००० | |
| ४७ | तरकारी तथा फलफुल पसल | ५०० | |
| ४८ | सोलार सम्बन्धी पसल | ७०० | |

| क्र.सं | विवरण | दर रु.मा | कैफियत |
|---|---|---|---|
| ४९ | इञ्जिनियरिङ कल्सल्टेन्सी | ३००० | |
| ५० | कम्प्युटर तथा टि भी पसल | १००० | |
| ५१ | डिलर फर्म | १२०० | |
| ५२ | किराना साबुन बिस्कुट आदि | १२०० | |
| ५३ | मदिरा पसल | ५००० | |
| ५४ | सुर्तिजन्य | १००० | |
| ५५ | चउचाउ | १५०० | |
| ५६ | इलेक्ट्रीकल, इलेक्ट्रीक | १००० | |
| ५७ | औषधी | १००० | |
| ५८ | रिचार्ज कार्ड | ५०० | |
| ५९ | अन्य | १००० | |
| ६० | निजि विद्यालय बार्षिक कर | | |
| | क. क्याम्पस स्तर | ३५०० | |
| | ख. मा.वि. स्तर | २५०० | |
| | ग. नि.मा.वि. स्तर | १५०० | |
| | ङ. प्रा.वि. स्तर | १००० | |
| ६१ | किराना पसल थोक | १५०० | |
| ६२ | किराना पसल खद्रा | ८०० | |
| ६३ | किराना पसल ढेब्री | ३०० | |
| ६४ | पुल हाउस | ५०० | |
| ६५ | केवुल नेटवर्क | २००० | |
| ६६ | जादु सर्कस अनुमती | १००० | |
| ६७ | गाडिमा गरिने घुम्ती व्यापार | २००० | |
| ६८ | विशेष परामर्श अन्य व्यवसायिक सेवा | | |
| | क. अनुसन्धानकर्ता तथा परामर्श सेवा | ५०० | |
| | ख. चिकित्सक, कविराज, इन्जिनियर, लेखापरिक्षक, कानुन व्यवसायी, अनुवाद, पशूचिकित्सक, विमा एजेन्ट | १००० | |
| ६९ | निर्माण व्यवसायी गाउँपालिकामा प्रधान कार्यालय भएको | १५०० | |
| ७० | माथिको वर्गिकरणका समावेश नभएको सेवा व्ययसाय कारोवारको स्तर हेरी | ५००-४००० | |

## अनुसूचि (५)
## आर्थिक विधेयक २०७९ दफा, ६ सँग सम्बन्धित
## नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम
## जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं | विवरण | इकाई | दर रु.मा |
|---|---|---|---|
| १ | उन (प्राकृतिक तथा कृत्रिम) | के जी | ०.२५ |
| २ | खोटो | प्रति लिटर | १ |
| ३ | काठ गोलिया चिरान | क्यु फिट | १ |
| ४ | खाली सीस, वियर वोतल | गोटा | ०.५ |
| ५ | प्लाष्टिक वोतल, भाडा कुडा जर्किन, चप्पल | के जी | ०.५ |
| ६ | धातु टुक्रा तथा सामन फलाम | के जी | १ |
| ७ | मारेको वा मारिएका पशूको हाड सिङ खुर छाला | के जी | ०.५ |
| निकासीको लागि | | | |
| १ | टिमूर | के जी | ५ |
| २ | काउलोबोक्रा | के जी | ५ |
| ३ | दालचिनी बोक्रा | के जी | ५ |
| ४ | झुल | के जी | ५ |
| ५ | अल्लो धागो | के जी | ५ |
| ६ | अन्य (भाँगा धागो) | के जी | ५ |
| ७ | काठ (साल, सिसौ, खयर) | प्रति बोट | २००० |
| ८ | काठ (सल्लो लगाएत अन्य) | प्रति बोट | १००० |
| दलहन तथा तेलहन | | | |
| १ | सिमी, बोडी | के जी | २ |
| २ | भटमास | के जी | २ |
| ३ | भाँगो | के जी | २ |

## अनुसूचि (६)

## आर्थिक विधेयक २०७९ दफा, ७ सँग सम्बन्धित

## नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

## सवारी साधन कर

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा दर्ता तथा संचालन इजाजत दस्तुर | २००० | |

अनुसूचि (७)

आर्थिक विधेयक २०७९  दफा, ८ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

विज्ञापन कर

| क्र.सं | विवरण | इकाई | दर रु.मा |
|---|---|---|---|
| १ | व्यापारिक विज्ञापनको भित्ते लेखन | वर्ग फिट | ५ |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजि भवनमा रखिने होडिङ बोर्ड | वर्ग फिट | ६ |
| ३ | टेलिफोन टावरहरु ५० फिट सम्म | वटा | ४००० |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारिक विज्ञापन | दिन | १० |
| ५ | स्टेच प्रोग्राम बाट गरिने | दिन | १५०० |

अनुसूचि (८)

आर्थिक विधेयक २०७९  दफा, १० सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

बहाल बिटौरी कर

| क्र.सं | विवरण | इकाई | दर रु.मा |
|---|---|---|---|
| १ | वहाल विटौरी कर | टहरो छाप्रो मसिक | १०० |
| | | घुम्ती मासिक | १०० |
| | | ठेला मासिक | १०० |

अनुसूचि (९)

आर्थिक विधेयक २०७९  दफा, ११ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

पार्किङ शुल्क

| क्र.सं | सवारी साधन | समय | दर रु.मा |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी, र हेभी गाडी | प्रति घण्टा | ५० |
| २ | भाडाका कार जिप | प्रति घण्टा | १०० |
| ३ | मिनि बस, मिनि ट्रक | प्रति घण्टा | ५० |
| ४ | अटो रिक्सा | प्रति घण्टा | २५ |
| ५ | मोटर साइकल, स्कुटर, मोपेड | प्रति घण्टा | १५ |
| ६ | ट्रयाकटर | प्रति घण्टा | ३० |

अनुसूचि (१०)

आर्थिक विधेयक २०७८  दफा, १२ सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उप धारा २ बमोजिम

सेवा शुल्क दस्तुर

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| १ | मठ मन्दिर, पाटी पौवा, द्वन्द्व पिडित, दैवी प्रकोप पीडीत, असहाय बिरामी, अपाङ्गता र उपभोक्ता समितिबाट गरिने सार्वजनिक निर्माण सम्बन्धी सिफारिस | निःशुल्क | |
| २ | बकसपत्र | १५०० | |
| ३ | शेषपछिको बकसपत्र | १००० | |
| ४ | अंशवण्डा प्रति अंशीयार | २०० | |
| ५ | नाता प्रमाणित | २०० | |
| ६ | चार किल्ला घर बाटो प्रमाणित सिफारिस | | |
| | १. पक्की वाटोले छोएको | ५०० | |
| | २. कच्ची वाटोले छोएको | २०० | |
| | ३. सडकले नछोएको | १५० | |
| ७ | नाता प्रमाणित | | |
| | १. अंग्रेजी भाषामा | ५०० | |
| | २. नेपाली भाषामा | २०० | |
| ८ | घर कायम | | |
| | १. पक्की घर | ७०० | |
| | २. कच्ची घर | ३०० | |
| ९ | रकम असुलीको मिलापत्र | | |
| | १. रकम खुलेकोमा प्रतिशत | १.५०% | |
| | २. रकम नखुलेकोमा | १००० | |
| १० | बसोबस | | |
| | स्थायी बसोबस | ५०० | |
| | अस्थायी बसोबस | २०० | |
| ११ | नाम सच्याइ सर्जमित मुचुल्का गर्नुपर्ने नाम जन्मस्थान मिति | ५०० | |
| १२ | मिलापत्र दुवैपक्ष बाट | ५०० | |
| १३ | टेलिफोन सिफरिस | ५०० | |

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| १४ | संघ संस्था दर्तार नविकरण सिफरिस | | |
| | १. दर्ता सिफारिस | २००० | |
| | २. नविकरण सिफारिस | १००० | |
| १५ | रुख कटानको लागि सिफारिस प्रति बोट | | |
| | साल, सिसौं, खयर | ५०० | |
| | अन्य काठ | ३०० | |
| १६ | नागरिकता सिफारिस | | |
| | आंगिकृत नागरिकता | ५०० | |
| | नागरिकता | १५० | |
| १७ | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी | | |
| | १. शहरी क्षेत्र | १००० | |
| | २. शहर उन्मुख क्षेत्र | ६०० | |
| | ३. ग्रामिण क्षेत्र | ४०० | |
| १८ | घरको ताला खुलाउने दस्तुर | ५०० | |
| १९ | व्यवसायको लगत कट्टा सिफारिस | ५०० | |
| २० | मोठ श्रेष्ता सिफारिस | ५०० | |
| २१ | उद्योग नामसारीर ठाँउ | ५०० | |
| २२ | व्यवसाय नामसारी/ठाउँ सारी | ५०० | |
| २३ | पेन्सन नामसारी सिफारिस | | |
| | स्वदेश | १००० | |
| | विदेश | २००० | |
| २४ | घर जग्गा नामसारी सर्जमिन समेत | | |
| | १. शहरी क्षेत्र | १००० | |
| | २. शहर उन्मुख क्षेत्र | ६०० | |
| | ३. ग्रामिन क्षेत्र | ४०० | |
| २५ | ठेक्का लाइसेन्सको सिफारिस | | |
| | १. क श्रेणी | २००० | |
| | २. ख श्रेणी | १५०० | |
| | ३. ग श्रेणी | १२०० | |
| | ४. घ श्रेणी | ७०० | |

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| २६ | निजि विद्यालय सिफारिस | | |
| | १. आधारभुत शिक्षा | २००० | |
| | २. मा.वि. | २५०० | |
| | ३. क्याम्पस स्तर | ४००० | |
| २७ | सरकारी विद्यालय तर्फ सिफारिस | | |
| | १. आधारभुत शिक्षा | ५०० | |
| | १. मा.वि. | १००० | |
| | ३. क्याम्पस स्तर | १५०० | |
| २८ | विद्यलयको कक्षा थप अनुमति शुल्क | | |
| | क. सामुदायिक विद्यालय (प्रति पटक प्रति कक्षा) | | |
| | १. प्रा.वि. तह कक्षा थप अनुमति | १००० | |
| | २. नि मा नि तह कक्षा थप अनुमति | २००० | |
| | ३. मा.वि. तह कक्षा थप अनुमति | ३००० | |
| | ख. संस्थागत विद्यालय (प्रति पटक प्रति कक्षा) | | |
| | १. प्रा.वि. तह कक्षा थप अनुमति | ७००० | |
| | २. नि मा नि तह कक्षा थप अनुमति | १५००० | |
| | ३. मा.वि. तह कक्षा थप अनुमति | २०००० | |
| २९ | क. नियुक्ति समर्थन | | |
| | १. वाल शिक्षा | १०० | |
| | २. प्रा.वि. तह | ५०० | |
| | ३. नि.मा.वि. तह | १००० | |
| | ४. मा.वि. तह | १५०० | |
| | ख. सरुवा सहमति | | |
| | १. प्रा.वि. तह | ५०० | |
| | २. नि.मा.वि. तह | १००० | |
| | ३. मा.वि. तह | १५०० | |
| | ४. कक्षा ८ को मार्कसिटमा नाम,जन्ममिति सच्चाउन | ५०० | नयाँ |
| ३० | विद्युत सिफारिस | | |
| | १. उद्योग | १००० | |
| | २. घरायसी | | |

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| | २.१. पक्की घर | ५०० | |
| | २.२. जस्ता/ढुंगे छानो | ३०० | |
| | २.३. फुसको छानो | १०० | |
| ३१ | १. घर/जग्गा/सम्पत्ति/मुल्याङकन प्रति हजार | ०.२०% | |
| | २. घडेरी प्लटिङमा बाटो कायम | ५००० | |
| ३२ | उद्योग दर्ता सिफरिस | | |
| | १. ५ हर्ष पावरसम्म | १००० | |
| | २. १० हर्ष पावरसम्म | १५०० | |
| | ३. १५ हर्ष पावरसम्म | २००० | |
| ३३ | (क) नेपाली भाषामा प्रमाणित/ सिफारिस | | |
| | १. जन्म मिति प्रमाणित | २०० | |
| | २. विवाहित अविवाहित प्रमाणित | २०० | |
| | ३. ठेगाना, नाम फरक, चालचलन प्रमाणित | २०० | |
| | ४. जातजाति | २०० | |
| | ५. नखुलेको अन्य | २०० | |
| | (ख) अंग्रेजी भाषामा प्रमाणित/ सिफारिस | | |
| | १. जन्म मिति प्रमाणित | ६०० | |
| | २. विवाहित/अविवाहित प्रमाणित | १२०० | |
| | ३. ठेगाना, नाम फरक, चालचलन प्रमाणित | १२०० | |
| | ४. जातजाति | १२०० | |
| | ५. नखुलेको अन्य | १२०० | |
| ३४ | उद्योग/व्यवसाय दर्ता सिफारिस सर्जमिन समेत लगानी ३ लाख सम्म २००, ३ लाख देखी ५ लाख सम्म ५००, ५ लाख देखी माथि ८०० | | |
| | १. पोल्ट्री फर्म, खाद्य, तेल, माहुरी, पशुपालन | ५०० | |
| | २. काठ फर्निचर, स्टील फर्निचर, ग्रील उद्योग, पाउरोटी, दाना, डेरी, वाकस, होजियरी, गारमेन्ट, खुकुरी, ग्याँस वल्डिङ्ग | १००० | |
| | ३. अगरवित्ति, ममवत्ति, दालमोठ, पुडियाघर, सिमेन्ट टायल, होटल | १००० | |
| | ४. कन्सल्टेन्सी/ व्यावसाय/ कानुनी सेवा/ परामर्श सेवा र हेयर कटिङ्ग दर्ता सिफारिस | १००० | |

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| ३५ | अमिन उपभोग दस्तुर | १००० | |
| ३६ | घर नक्सा पास पक्की घरमात्र प्रति वर्ग फिट सवै तला दस्तुर | | |
| | क. वजार क्षेत्रमा | | |
| | १. फ्रेम स्ट्रक्चर इटा वा व्लकको गारो भएको...प्रती वर्ग फिट | ३ | |
| | २. लोड वियरिङ्ग आर सि.सि.छाना भएको...प्रति वर्ग फिट | २.५ | |
| | ३. लोड वियरिङ्ग स्लेट र जस्ताको छाना भएको..प्रति वर्ग फिट | २ | |
| | ४. उद्योग व्यवसाय नविकरण दस्तुर | ५० | |
| | ५. कच्ची घर | ०.५ | |
| | ख. शहर उन्मुख क्षेत्र ग्रामिण क्षेत्रमा | | |
| | १. फ्रेम स्ट्रक्चर इटा वा व्लकको गारो भएको...प्रती वर्ग फिट | २ | |
| | २. लोड वियरिङ्ग आर सि.सि.छाना भएको...प्रति वर्ग फिट | १.५ | |
| | ३. लोड वियरिङ्ग स्लेट र जस्ताको छाना भएको...भुइ तला | १ | |
| | ४. कच्ची घर | ०.२५ | |
| ३७ | गा.पा.को अनुमति विना घर निर्माण गरी नक्सा पास गर्न आएमा जरिवाना प्रतिवर्ग फुट | ५ | |
| ३८ | फोहर व्यवस्थापन शुल्क मासिक | | |
| | १. प्रत्येक सटर | ७५ | |
| | २. प्रत्येक कोठा प्रति परिवार | ३० | |
| | ३. तरकारी फलफुल पसल | ७५ | |
| | ४. ढ्याप्ली | ३० | |
| | ५. पक्की मोठर वाटोमा पर्ने प्रत्येक घर | १०० | |
| | ६. निजि विद्यालय | २०० | |
| | ७. निजी अस्पताल क्लिनिक | ३०० | |
| ३९ | १. व्याक हो लोडर दर्ता शुल्क | ३००० | वार्षिक |
| | २. डोजर च्यानवाला दर्ता शुल्क | ५००० | वार्षिक |
| | ३. JCB व्याक हो लोडर दर रेट प्रति घण्टा (इन्धन सहित) | २२०० | |
| | ४. डोजर बकेटको दर रेट प्रति घण्टा | ५२०० | |
| | ५. डोजर ब्रेकरको दर रेट प्रति घण्टा | ६४०० | |

| क्र.सं | सिफारिस दस्तुर | दर रु.मा | कैफियत |
|---|---|---|---|
| | ६. ट्रिपर भाडा प्रतिदिन इन्धन वाहेक | ७५०० | |
| ४० | ठेक्का इजाजतपत्र दस्तुर 'घ' वर्ग | | |
| | इजाजतपत्र दस्तुर | ३०००० | |
| | इजाजतपत्र नामसारी दस्तुर | ३०००० | |
| | इजाजतपत्र नविकरण दस्तुर | ५००० | कार्तिक सम्म |
| | इजाजतपत्र थप नविकरण दस्तुर | १००० | कार्तिक पछि मासिक |
| | इजाजतपत्र प्रतिलिपी दस्तुर | १००० | |
| ४१ | व्यक्तीगत घटना दर्ता ३ व्यक्तिगत घटना दता तथा पंञ्जिकरण ऐन बमोजिम शुल्क दस्तुर उठाइने छ । | | |
| ४२. | अन्य | | नयाँ |
| | १.कृषि समूह दर्ता दस्तुर | ३०० | नयाँ |
| | २.कृषि समूह नविकरण दस्तुर | १५० | नयाँ |
| | ३.कृषि समूह दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुर | १०० | नयाँ |
| | ४.कर बुझाएको रसिदको प्रतिलिपी दस्तुर | ५० | नयाँ |

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा